# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# एक महिनाको कार्यप्रगति

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्रीबाट पदबहाली भएपश्चात मन्त्रालय अन्तर्गतका निकायबाट भएको एक महिनाको कार्यप्रगति

**नेपाल सरकारको १०० बुँदे शासकीय सुधारको कार्यसुचीलाई उच्च प्राथमिकतामा राखी गरिएका उपलब्धिहरू**

## १ सवारी चालक अनुमति पत्र (Smart Card) छपाईमा तीव्रता र हुलाक टिकटको छपाई:

- नयाँ निवेदनको हकमा यातायात व्यवस्था विभागबाट तथ्याङ्क प्राप्त गरेको २४ घण्टाभित्र सुरक्षण मुद्रण केन्द्रमार्फत सवारी चालक अनुमतिपत्र छपाई गरी विभागलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाईएको ।
- सम्झौता बमोजिम १२ लाख थान सवारी चालक अनुमतिपत्र छपाई कार्य सम्पन्न गरिएको।
- थप १७ लाख थान पुराना सवारी चालक अनुमतिपत्र असार मसान्तसम्म छपाई सम्पन्न गर्न विभाग र केन्द्रबीच हालै सम्झौता सम्पन्न भएको।
- ३० लाख थान हुलाक टिकट छपाई गरी हुलाक सेवा विभागलाई हस्तान्तरण गरिएको।

यस एक महिनाको अवधिमा मन्त्रालयले नीतिगत सुधार, प्रविधिमैत्री सेवा र जनताले प्रत्यक्ष लाभ महसुस गर्ने गरी कामको थालनी गरेको छ। आगामी दिनमा यी कार्यहरूलाई थप प्रभावकारी रूपमा अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्दछौं।

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# एक महिनाको कार्यप्रगति

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्रीबाट पदबहाली भएपश्चात मन्त्रालय अन्तर्गतका निकायबाट भएको एक महिनाको कार्यप्रगति

**नेपाल सरकारको १०० बुँदे शासकीय सुधारको कार्यसुचीलाई उच्च प्राथमिकतामा राखी गरिएका उपलब्धिहरू**

## २ हुलाक सेवाको आधुनिकीकरण अन्तर्गत सरकारी कुरियर सेवाः

- हुलाक सेवालाई सरकारी कुरियर का रुपमा विकास गरी राहदानी घरमै पुर्‍याउने कार्य शुरु भएको।
- कालिकोट, सिन्धुपाल्चोक, बाँके, कास्की, सुनसरी, मकवानपुर, म्याग्दी, सिरहा, डडेल्धुरा र गुल्मीमा राहदानी घरमै पुर्‍याउने व्यवस्था मिलाइएको।
- गोरखा, संखुवासभा, सिन्धुली, सप्तरी जिल्लामा समेत सो सेवा विस्तारको प्रक्रिया अघि बढाइएको।
- नागरिकलाई नजिकबाट सेवा पुर्‍याउन हाल भएको ५ अङ्कको पोष्टल कोडलाई संघीय संरचना बमोजिम ७ अङ्कको कोड निर्माण/परिमार्जन गरी स्तरोन्नती गरिएको।

यस एक महिनाको अवधिमा मन्त्रालयले नीतिगत सुधार, प्रविधिमैत्री सेवा र जनताले प्रत्यक्ष लाभ महसुस गर्ने गरी कामको थालनी गरेको छ। आगामी दिनमा यी कार्यहरूलाई थप प्रभावकारी रुपमा अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्दछौं।

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# एक महिनाको कार्यप्रगति

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्रीबाट पदबहाली भएपश्चात मन्त्रालय अन्तर्गतका निकायबाट भएको एक महिनाको कार्यप्रगति

**नेपाल सरकारको १०० बुँदे शासकीय सुधारको कार्यसुचीलाई उच्च प्राथमिकतामा राखी गरिएका उपलब्धिहरु**

## ३ दुरसञ्चार सेवामा सुधार र गुणस्तर अभिवद्धि:

- प्रिपेड सेवाको सबै प्याकेज को अवधि २८ दिनबाट बढाएर ३० दिन सम्म गरिएको।
- नेपाल टेलिकमका प्रयोगकर्ताहरुको डाटा प्याकेज सकिएपछि स्वत: ब्यालेन्स काटिने अवस्था (Pay-As-You-Go) प्रणालीलाई परिवर्तन गरी PAYG Enable वा Disable को छनौट सुविधा प्रदान गरिएको।
- ९० प्रतिशत डाटा खपत भएपछि अनिवार्य पूर्व-सूचना दिने व्यवस्था मिलाइएको।
- 4G सेवाको गुणस्तर सुधार्न ८०० मेगाहर्ज व्याण्डमा थप २x५ मेगाहर्ज फ्रिक्वेन्सी उपलब्ध गराउने निर्णय भएको।
- मोबाइल सेवाका लागि ३३००-३७०० मेगाहर्ज ब्याण्ड खुला गरी 5G प्रविधि विस्तारको मार्गप्रशस्त गरिएको।
- सबै सेवालाई अनलाईन गर्ने र वान टाईम केवाईसी (One Time KYC) लागू गर्ने प्रक्रिया अघि बढाइएको।
- नेपाल दूरसञ्चार कम्पनीको कार्यालयहरूमा Customer Service Desk स्थापना गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने कार्य शुरु गरिएको।

यस एक महिनाको अवधिमा मन्त्रालयले नीतिगत सुधार, प्रविधिमैत्री सेवा र जनताले प्रत्यक्ष लाभ महसुस गर्ने गरी कामको थालनी गरेको छ। आगामी दिनमा यी कार्यहरूलाई थप प्रभावकारी रूपमा अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्दछौं।

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# एक महिनाको कार्यप्रगति

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्रीबाट पदबहाली भएपश्चात मन्त्रालय अन्तर्गतका निकायबाट भएको एक महिनाको कार्यप्रगति

**नेपाल सरकारको १०० बुँदे शासकीय सुधारको कार्यसुचीलाई उच्च प्राथमिकतामा राखी गरिएका उपलब्धिहरू**

## ४ डिजिटल नेपाल र सूचना प्रविधि:

-ट्र्याकिङ्ग सहित प्रहरी प्रतिवेदन, नेपाल इन्जिनियरिङ काउन्सिलको प्रमाणपत्र र लोक सेवा आयोगको प्रवेश पत्र डाउनलोड गर्ने सुविधा सहित version २.०.९४ अपडेट नागरिक एपमा थप भैसकेको।

- एपमा रहेको National ID को Demographic Data व्यक्तिको सहमतिमा QR कोड स्क्यान गर्दा Auto-fill हुने गरी राहदानी विभाग र यातायात व्यवस्था विभागको सूचना प्रविधि प्रणालीहरुमा पठाउनका लागि API को व्यवस्था गरिएको।

- Government Integrated Office Management System (GIOMS) लाई प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको। नेपाल सरकारको एकीकृत वेबसाइट लाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पहुँचयोग्य बनाउन शुरू गरिएको।

- एकीकृत वेवसाईट व्यवस्थापन प्रणाली (GWIMS) सञ्चालन गर्न ३० वटा निकायका IT सम्पर्क कर्मचारीहरूलाई तालिम प्रदान गरिएको।

- ११ हजार भन्दा बढी सट्टेबाजी एप र वेबसाइट नेपाल दुरसंञ्चार प्राधिकरण मार्फत बन्द गरिएको।

- राष्ट्रिय साइबर सुरक्षा केन्द्रमार्फत सरकारी निकायहरुको Vulnerability Assessment and Penetration Testing (VAPT) Security Audit गर्ने कार्यलाई तीव्रता दिइएको र SIEM Tool मार्फत सुरक्षा अनुगमनलाई सुदृढ बनाइएको।

यस एक महिनाको अवधिमा मन्त्रालयले नीतिगत सुधार, प्रविधिमैत्री सेवा र जनताले प्रत्यक्ष लाभ महसुस गर्ने गरी कामको थालनी गरेको छ। आगामी दिनमा यी कार्यहरूलाई थप प्रभावकारी रूपमा अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्दछौं।

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# एक महिनाको कार्यप्रगति

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्रीबाट पदबहाली भएपश्चात मन्त्रालय अन्तर्गतका निकायबाट भएको एक महिनाको कार्यप्रगति

**नेपाल सरकारको १०० बुँदे शासकीय सुधारको कार्यसुचीलाई उच्च प्राथमिकतामा राखी गरिएका उपलब्धिहरू**

## ५ शासकीय सुधारात्मक कार्य:

- मन्त्रालय र अन्तर्गतका निकायमा शून्य बाँकी फाइल सप्ताह(Zero Pending File Week) सञ्चालन गरी प्रशासनिक ढिलासुस्ती अन्त्य गर्न शुरू गरिएको।
- कर्मचारी आचारसंहिता लागू गरी कार्यान्वयन गरिएको।
- मन्त्रालयले ७ दिनभित्र प्रमुख १० कार्य, तिनका समयसीमा, जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको।
- Business Process Re-engineering (BPR) मार्फत सम्पूर्ण सेवा प्रवाहलाई सरल, छिटोछरितो तथा परिणाममुखी बनाउनका लागि कार्यविधि, मापदण्ड तथा अनुगमन प्रणाली शुरू गरिएको।
- मन्त्रालय र मातहतका निकायबाट संकलन हुने गैरकर राजस्व वृद्धिका लागि सुझाव सहितको प्रारम्भिक प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा पठाईएको।
- मन्त्रालयले तर्जुमा गरेको सूचना प्रविधि विधेयक र साइबर सुरक्षा विधेयकको मस्यौदा सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भएको।

यस एक महिनाको अवधिमा मन्त्रालयले नीतिगत सुधार, प्रविधिमैत्री सेवा र जनताले प्रत्यक्ष लाभ महसुस गर्ने गरी कामको थालनी गरेको छ। आगामी दिनमा यी कार्यहरूलाई थप प्रभावकारी रूपमा अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्दछौं।

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# एक महिनाको कार्यप्रगति

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका माननीय मन्त्रीबाट पदबहाली भएपश्चात मन्त्रालय अन्तर्गतका निकायबाट भएको एक महिनाको कार्यप्रगति

**नेपाल सरकारको १०० बुँदे शासकीय सुधारको कार्यसुचीलाई उच्च प्राथमिकतामा राखी गरिएका उपलब्धिहरु**

## ६ प्रचार प्रसार र अन्य सुधारात्मक कार्य:

- रेडियो नेपालमार्फत लोपोन्मुख आठपहरीया राई र मुडियारी भाषा सहितको थप समावेशी कार्यक्रम प्रसारण शुरू गरिएको।
- नेपाल टेलिभिजनको स्टुडियोदेखि नयाँ संसद भवनसम्म उच्च गुणस्तरको लाइभ प्रसारणका लागि अप्टिकल फाइबर जडान गरिएको।
- सामाजिक सञ्जालमार्फत हुने वैदेशिक रोजगारीका अनाधिकृत विज्ञापन रोक्न विज्ञापन बोर्ड, दूरसञ्चार प्राधिकरण र वैदेशिक रोजगार विभाग बीच समन्वय गरी नियमन गर्ने कार्य शुरू गरिएको।

यस एक महिनाको अवधिमा मन्त्रालयले नीतिगत सुधार, प्रविधिमैत्री सेवा र जनताले प्रत्यक्ष लाभ महसुस गर्ने गरी कामको थालनी गरेको छ। आगामी दिनमा यी कार्यहरूलाई थप प्रभावकारी रूपमा अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्दछौं।